वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ... मिति २०७६।०८।२६
निर्णय प्रमाणित

ग) यस नगरकार्यपालिकाको मिति २०७६।०३।२१ को निर्णय बमोजिम नक्सापास तथा कित्ताकाटको लागि मापदण्ड निर्धारण गरिएकोमा बाटोको हकमा साविक वडा नं. १ देखी १२ को वडाको हकमा स्वीकृत गुरुयोजना बमोजिम नै हुने गरी कार्य गर्ने।

**निर्णय नं. ६** सुर्खेत उपत्यका नगर विकास समितिमा सदस्यहरु तोक्ने तथा मनोनयन गर्ने सम्बन्धमा आवश्यक परामर्श गरी आगामी बैठकमा प्रस्ताव पेश गर्ने।

**निर्णय नं. ७** यस नगरभित्र संचालनमा रहेका तथा संचालन हुने पूर्वाधार विकासका लागि आवश्क नदिजन्य पदार्थ परिपूर्तिका लागि यस नगरपालिकाको नदीजन्य पदार्थ नियमन अनुगमन समितिको बैठकको निर्णयानुसार तपशिलको स्थानहरुबाट नदिजन्य पदार्थ संकलन गरी माग परिपूर्ति गर्न सिफारिस भई आएकोमा सो स्थानहरुको नियमानुसार IEE गरी संकलनको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई जिम्मेवारी दिने।

**निम्न :**

१) चिउरीबगर भेरी (पुल तल)वडा नं. १०
२) झुप्रा खोला माथिल्लो बस्ती अगाडी वडा नं. ११
३) झुप्रा खोला माथिल्लो बस्ती भएको स्थान वडा नं. ११
४) झुप्रा खोला तल्लो बस्ती पारी वडा नं. ११
५) IEE गरेका स्थान झुप्रा भेरी दोभान नजिक वडा नं.११
६) वनकुवा वडा नं. १३
७) बौडेल टोल वडा नं. १३
८) दोविल्ला वडा नं. १३
९) टुडगैरा वडा नं. १४
१०) सिद्धापाईला बाघखोर वडा नं. १४
११) सम्भावित अन्य क्षेत्रहरु

**निर्णय नं. ८** यस नगरक्षेत्रभित्र संचालनमा रहेका तथा संचालन हुने पूर्वाधार विकासका लागि आवश्यक नदिजन्य पदार्थ परिपूर्तिका लागि सहज बनाउन हेब्वी इक्वीपमेन्ट प्रयोगमा सहजता ल्याउन प्रदेश सरकार र सरोकारवाला निकायहरुमा पत्राचार गर्ने, नगर क्षेत्रभित्र हाल रहेका नदिजन्य पदार्थको स्टक विवरण तयार गरी वितरण तथा प्रयोगमा सहजता ल्याउन सूचना प्रकाशन गरी व्यवस्थापन गर्ने।

**निर्णय नं. ९** उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको मिति २०७६/०७/२८ को पत्रानुसार यस नगरकार्यपालिकामा रहने स्थानीय पर्यटन प्रवर्धन समितिमा नगर प्रमुखको संयोजकत्वमा कार्यपालिकाका सम्पूर्ण सदस्य रहने गरि तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव र पर्यटन सम्बन्धी क्रियासिल संघसंस्थाका प्रमुखलाई आमन्त्रण गर्न सक्ने गरि वीरेन्द्रनगर पर्यटन प्रवर्धन समिति गठन गर्ने।

**निर्णय नं. १०** पूर्व गठित वीरेन्द्रचोक पुननिर्माण छानविन समितिको म्याद आजको समितिबाट १५ दिन थप गर्ने।

**निर्णय नं. ११** यस नगरपालिकामा विभिन्न शैक्षिक संस्थाहरुबाट कार्यगत तालिम (OJT) गर्नका लागि आउने विध्यार्थीहरुबाट OJT शुल्क लिने सम्बन्धमा नगरपालिका अन्तर्गतका सामुनायिक विद्यालयहरुको हकमा नि:शुल्क र अन्यको हकमा सम्बन्धित विद्यालयहरुबाट प्रति महिना रु.५००।०० को बैठक भौचर भरी पेश गर्नुपर्ने गरी शुल्क निर्धारण गर्ने।

Scanned by CamScanner

वीरेन्द्रनगर कार्यपालिकाको बैठक संख्या६६ मिति..२०७६/०७/२७ को निर्णय प्रमाणित।

**मिति २०७६ कार्तिक २७ गते ६६ औं कार्यपालिका बैठकको निर्णयहरु**

**निर्णय नं. १** यस नगरपालिका भित्र वडा नं. १ र ८ मा शहरी स्वास्थ्य केन्द्रका लागि भवन निर्माण कार्य सम्पन्न भईसकेकाले यी दुबै भवनहरुमा शहरी स्वास्थ्य केन्द्र संचालन गर्न निम्नानुसार व्यवस्था मिलाई २०७६ साल मंसिर १५ गते भित्र स्वास्थ्य केन्द्र संचालन गर्ने।

**निम्न :**

क) स्वास्थ्य केन्द्र संचालनका लागि तत्काल गर्नुपर्ने सुधारका कार्य उपयुक्त बजेट शिर्षकबाट खर्च गर्ने गरी कार्य गर्न कार्यालयलाई जिम्मेवारी दिने।

ख) उक्त स्वास्थ्य केन्द्रको संचालनका लागि आवश्यक जनशक्ति र औषधी यस नगरपालिकाको स्वास्थ्य शाखाले पेश गरेको सुझाव बमोजिम मौज्दातबाट व्यवस्था गर्ने। फर्निचर तथा मौज्दातमा नभएको सामाग्रीहरु प्रकरण (क) बमोजिम गर्ने।

**निर्णय नं. २** यस नगरपालिकाका विभिन्न वडाहरुबाट नयाँ स्वास्थ्य केन्द्र खोल्न, सेवा थप गर्न, सेवा विस्तार तथा थप जनशक्तिका लागि यस नगरपालिकामा अनुमति माग भएको सन्दर्भमा माग भएका वडाहरुको अवस्था, आवश्यकता, दिगोपनाको आधार समेत विश्लेषण गरी दुई हप्ता भित्रमा प्रतिवेदन पेश गर्न निम्नानुसारको कार्यदल गठन गर्ने।

संयोजक : श्री निलकण्ठ खनाल (सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक)

सदस्य : श्री यामुना नेपाली (सामाजिक विकास समिति संयोजक)

सदस्य : श्री हरी बहादुर क्षेत्री (आर्थिक प्रशासन शाखा प्रमुख)

सदस्य : श्री पर्शुराम खड्का (स्वास्थ्य शाखा प्रमुख)

सदस्य सचिव : श्री दिपेन सुवेदी (प्रशासकिय अधिकृत)

**निर्णय नं. ३** यस नगरपालिकाका वडा नं. ३, ५ र १० बाट पेश भएको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा शुल्क उल्लेख भएको सरसफाई व्यवस्थापन कार्यविधि अन्तरिम रुपमा लागू गर्ने गरी स्वीकृत गर्दै सेवा शुल्क उठाउन तत् तत् वडालाई अनुमति दिने र हाल सम्म स्वीकृत सबै वडाका कार्यविधिलाई आधार मानी नगर स्तरीय एकिकृत फोहरमैला ब्यवस्थापन ऐन वा कार्यविधि आगामी नगरसभा अगाडी नै मस्यौदा गरी कार्यपालिका समक्ष पेश गर्न यस नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवारी दिने।

**निर्णय नं. ४** यस नगरपालिकाको वसपार्क व्यवस्थापन समितिबाट पेश भएको वसपार्कमा रहेका पसल, कवल, पार्किङ, विज्ञापन शुल्क, ग्यारेजबाट भाडा एवं सेवा शुल्क संकलनका लागि प्रस्ताव भएको न्यूनतम ठेक्का अंक रु.७,२१,०००|०० (सात लाख एक्काईस हजार) मात्र कायम गरी बोलपत्र आव्हान गर्न समितिबाट सिफारिस भै आएकोमा सो अंकमा बढाबढ गर्ने गरी E-Bidding सहित (बोलपत्र) आव्हान गर्न यथाशीघ्र कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं. ५** यस नगरपालिका भित्र बनेका नक्शापास नभएका निम्न प्रकृतिका घरहरुको नक्सापास देहाय अनुसार गर्ने।

क) यस नगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा मिति २०७५/०६/०४ सम्म रसिद काटी दर्ता भएका तर नगरकार्यपालिकाको कार्यालयमा चालू आ.ब. २०७६/०७७ मा प्राप्त भएका घरको नक्सा पास निम्नानुसार नक्सा पास दस्तुर र तोकिए बमोजिमको थप जरिवाना लिई नक्सापास स्वीकृत गर्ने।

ख) भवन निर्माण तथा नक्सापासको वर्तमान मापदण्ड बमोजिम घर निर्माण भएका तर विभिन्न कारणले समयमा नगरपालिकाबाट नक्सापास नभएका घरहरुको हकमा मिति २०७५।१०। १८ देखि २०७६ असार मसान्त सम्म निर्माण कार्य सुरु भएकाको हकमा मात्र सम्बन्धित परामर्शदाता इन्जिनियरले मापदण्ड बमोजिमको घर भनी सिफारिस गरेमा नगरपालिकाको शाखाबाट स्थलगत अनुगमन गर्दा पूर्ण रुपमा मापदण्ड पुगेको देखिएमा साविकको प्लानिङमा हालको निर्णय अनुसार बाटोको मापदण्ड पुरा गरेमा नियमानुसार नक्सापास शुल्क र थप तोकिए बमोजिमको जरिवाना लिई नक्सापास स्वीकृती दिने।

Scanned by CamScanner